वीर बहादुर खत्री
अध्यक्ष

# टोल विकास समिति संचालन कार्यविधि, २०७४ :

नेपालको संविधानमा रहेर गाउँपालिकाको नीति नियम अनुसार गाउँपालिका भित्र सिमित क्षेत्राधिकार भित्र रहेर गठन भएको र सम्वन्धित टोलको विकास सुशासन गर्ने एउटा सानो टोलभित्र गठित समितिलाई टोल विकास समिति भनिन्छ ।

## टोलविकास समितिको गठन प्रक्रिया:

- टोलविकास समिति एउटा सिमित भुगोल र लाइनमा रहेको ३० देखि ५० घरधुरी भएको संख्यालाई मानिनेछ ।
- ३० देखि ५० घरधुरीबाट एकजना अध्यक्ष,एक जना कोषाध्यक्ष,एक जना सचिव र अन्य सबै सदस्य रहनेछन् ।
- अध्यक्ष,कोषाध्यक्ष र सचिव मध्यै एक जना महिला हुनुपर्नेछ।
- यस समितिमा रहने सदस्यहरु कुनै फौजदहारीको अभियोग नलागेको हुनुपर्नेछ ।
- नेपालको संविधान भित्र रहेर कार्य गर्नुपर्नेछ ।
- यस सीतिको कार्यकाल दुई वर्षको रहनेछ ।
- दुई वर्षपछि समितिको सदस्य यसको जुनसुकै पदममा उमेरदारी दिन पाउनेछन् र चुनावबाट प्रतिस्पर्दा गरेर आउनुपर्नेछ ।

माथिउल्लेखित प्रक्रिया जे भए पनि वडा अध्यक्ष, गा.पा.अध्यक्ष एवं उपाध्यक्षको रोहवरमा टोल विकास समितिमा रहने घरधुरी संख्यालाई तलमाथि गर्न सकिनेछ ।

## दर्ता प्रक्रिया नविकरण र खारेजी :

- समिति गठन गरी प्रक्रिया पुरा गरी वडापालिकाको सिफारीस लिएर गाउँपालिकामा दर्ता गरी दर्ता नं. लिनुपर्नेछ ।
- समितिको निर्णय प्रतिलिपि सहित नागरिकताको फोटोकपि समेत पेश गरी गाउँपाालिकाले दर्ता सहितको प्रमाणपत्र दिनेछ ।
- प्रत्येक वर्ष नविकरण हुनेछ ,एउटाको कार्यकाल दुई बर्षपछि स्वत समाप्त हुनेछ ।
- नबिकणमा गाउपालिकाको प्रमुख वा कार्यालय प्रमुखले गर्नुपर्नेछ ।
- नविकरणको लागि रु.१०० र दर्ताको लागी रु. ५०० दस्तुर लाग्नेछ ।

वीर बहादुर खत्री



Scanned by CamScanner

बीर बहादुर सार्की
अध्यक्ष

- गाउँपालिका वा नेपाल सरकार,संविधान भन्दा माथि गएर नराम्रो कार्य गरेको प्रमाणित भए स्वतः खारेजी वा कारवाहि गर्ने अधीकार सम्वन्धित गाउकार्यपालिकाको हुनेछ ।

## टोल विकास समितिको वैठक प्रक्रिया :

- टोल विकास समितिको अध्यक्षतामा वैठक वस्नेछ र अध्यक्ष नभएको अवस्थामा वरिष्ट सदस्य वा कोषाध्यक्षको अध्यक्षमा वैटक वस्नेछ ।
- प्रत्येक महिनाको एक पटक र आवश्यक परे समितिले जतिसुकैवेला पनि वैठक वसाल्न सक्नेछ ।
- वैटक सदस्य संख्यको बहुमत भएमा मात्र आधिकारीक मानिनेछ ।

## खाता सन्चालन प्रक्रिया :

- अध्यक्ष, कोषाध्यक्ष र सचिव तिन जनाको संयुक्त हस्ताक्षरमा बैंक वा वित्तियसंस्थामा खाता खोलिनेछ ।
- खाता खोल्दा समितिको निर्णय अनिवार्य हुनेछ ।
- समितिको निर्णय अनुसार मासिक ........पठाउनु पर्नेछ ।

## समितिको उद्देश्य :

- समाजको विकास गर्नलाई त्यस टोलमा रहेको स्वास्थ्य शिक्षा र गाँस बाँस कपालसबाट बन्चित हुन नदिने ।
- जल जंगल र जमिन गरिब र निमुखालाई बन्चित हुनबाट जोगाउने ।
- समाजको सर्वाङ्गिन विकासको लागि टेवा पर्‍याउने कार्य लगर्ने ।
- विकासको पूर्वाधारको लागि सम्बन्धित निकायमा रकम माग गरी चुहावट रोकि सभ्य समाजको निर्माण गर्ने ।
- गरिबी हटाई विभेदीकरणको अन्त्य गरी विकासको मूल फुटाउने ।
- त्यस टोलमा सुहाउने कृषिलाई अगाडि बढाई बजारीकरण गर्ने र आफै किसान आफै मालिक बनी सामाजिक कुरितीको अन्त्य गरी नयाँ समाजको सृजना गर्ने ।
- नेपालको संविधानमा रही गाउँपालिकाको निति र प्रक्रियााई आत्मसाथ गरी अगाडि बढ्ने ।

बीर बहादुर सार्की
अध्यक्ष

Scanned by CamScanner

बीर बहादुर खत्री
अध्यक्ष

## टोल विकास समितिको काम कर्तव्य र अधिकार :

- गाउँपालिकाको नीति नियममा रहेर कार्य गर्ने गराउने ।
- समाजका विघन बाधा आउने काम नगर्ने ।

## उत्कृष्ट टोल विकास संस्थालाई पुरस्कृत गरिने

- टोल विकास समितिको अधिकार,
- योजना छनौटमा टोल विकास समितिको सक्रियता,
- गठनको उद्देश्य,
- विस्तृत परिचय आदि ।

बीर बहादुर खत्री
अध्यक्ष



Scanned by CamScanner